**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि न्याय परिषद सचिवालयसँग सम्वन्धित २०७५ कार्तिक, मंसिर र पुषसम्मका सूचनाहरु सो ऐनको दफा ५(४) वमोजिम प्रकाशन गरिएको छ ।**

क. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानको धारा १५३ को उपधारा १ मा न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्वन्धी कारवाही, बर्खासी र न्याय प्रशासनसम्वन्धी अन्य विषयहरुको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद रहने व्यवस्था गरेको छ । जसमा देहाय वमोजिम अध्यक्ष तथा सदस्य रहने व्यवस्था संविधानले गरेको छ।

| | | |
|---|---|---|
| क | प्रधान न्यायाधीश | अध्यक्ष |
| ख | संघीय कानून तथा न्याय मन्त्री | सदस्य |
| ग | सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश एक जना | सदस्य |
| घ | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति गरेको एकजना कानूनविद् | सदस्य |
| ङ | नेपाल बार एसोसियसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता | सदस्य |

त्यस्तै संविधानको धारा १५४ को उपधारा १)) मा नेपाल सरकारले कानूनबमोजिम संघीय न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिसबमोजिम गर्ने संवैधानिक व्यवस्था रहेको छ । आयोगमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहने व्यवस्था संविधानले गरेको छ ।

| | | |
|---|---|---|
| क | प्रधान न्यायाधीश | अध्यक्ष |
| ख | संघीय कानून तथा न्याय मन्त्री | सदस्य |
| ग | सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीश एक जना | सदस्य |
| घ | लोकसेवा आयोगको अध्यक्ष | सदस्य |
| ङ | महान्यायाधिवक्ता | सदस्य |

ख. न्याय परिषद ऐन, २०७३ को दफा ३४ ले न्याय परिषदको एउटा छुट्टै सचिवालय रहने र सो सचिवालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरेको छ । न्याय सेवा ऐन, २०७३ को दफा ३ मा आयोगले अन्यथा व्यवस्था गरेमा बाहेक आयोगको सचिवालय न्याय परिषदको सचिवालय रहेको ठाउँमा रहने व्यवस्था गरेको पाइन्छ । न्याय परिषद सचिवालयको प्रशासकीय प्रमुखको रूपमा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एक जना सचिव रहने र न्याय परिषदको सचिवले न्याय सेवा आयोगको समेत सचिव भई काम गर्ने कानूनी व्यवस्था छ ।

ग. निकायको काम, कर्तव्य र अधिकारः न्याय परिषद सचिवालय न्याय परिषद र न्याय सेवा आयोगको संयुक्त सचिवालय भएकाले यस निकायले ति दुवै निकायवाट भएका निर्णयहरुको कार्यान्वयन तथा दुवै निकायवाट हुने काम गर्दछ । संविधान तथा कानूनमा ति निकायहरुका काम कर्तब्य र अधिकार देहाय वमोजिम तोकिएका छन् :-

**न्याय परिषदको काम कर्तव्य र अधिकार**

१. न्यायाधीश नियुक्तिको सिफारिस गर्ने ।
२. न्यायाधीशको सरुवा र काज सिफारिस गर्ने ।
३. संवैधानिक ईजलासमा न्यायाधीश तोक्न सिफारिस गर्ने ।
४. न्यायाधीश उपर अनुशासनात्मक कारवाही गर्ने ।
५. न्यायाधीश उपरको उजुरी ग्रहण गरी छानविन गर्ने ।
६. सर्वोच्च अदालतका न्यायाधीश वाहेक अन्य न्यायाधीश उपर संविधानमा उल्लेखित आरोपमा भ्रष्टाचारमा मुद्दा चलाउने ।
७. न्याय प्रशासन सम्वन्धी विषयमा परामर्श दिने ।
८. न्यायिक अनुगमन तथा निगरानीको कार्य ।
९. न्यायाधीश पदमा योग्यता पुगेका नेपाली नागरिकको अभिलेख तयार गर्ने ।
१०. न्यायाधीशको सम्पत्ति विवरण अद्यावधिक गरी राख्ने ।
११. न्याय प्रशासन सम्वन्धी विषयमा अध्ययन अनुसन्धान गराउने ।

**अ. न्याय सेवा आयोगको काम कर्तव्य र अधिकार**

१. नेपाल न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, वढुवा र सरुवा गर्ने ।
२. नेपाल न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरूलाई विभागीय कारवाहीको परामर्श दिने ।
३. जिल्ला न्यायाधीशको पदमा नियुक्तिका लागि परीक्षा सञ्चालन र सिफारिस गर्ने ।
४. सेवासम्बन्धी नियममा नेपाल सरकार वा अन्य कुनै निकायले परामर्श माग गरेमा परामर्श दिने ।
५. न्याय सेवालाई सक्षम र प्रभावकारी वनाउन अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कार्य गर्ने ।

**आ. न्याय परिषद सचिवालयको काम कर्तव्य र अधिकारः**

१. न्यायाधीश हुन योग्यता पुगेका व्यक्तिहरुको अभिलेख राख्ने प्रयोजनका लागि न्यायाधीश, न्याय सेवाका अधिकृत, कानून व्यवसायी, कानूनविदको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
२. न्याय परिषद तथा न्याय सेवा आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
३. न्याय परिषद, न्याय सेवा आयोग तथा न्याय परिषद र न्याय सेवा आयोगवाट भएको निर्णय कार्यान्वयन गर्ने ।
४. वार्षिक प्रतिवेदन तथा बुलेटिन प्रकाशन गर्ने ।
**५.** न्याय परिषद ऐन, २०७३ को दफा ३१ बमोजिम न्यायाधीशको उमेर यकिन गरी उमेरका कारणले अवकास हुने न्यायाधीशको कम्तिमा साठी दिन अगावै जानकारी गराउने ।

६. अन्य प्रशासकीय र व्यवस्थापकीय कार्य गर्ने ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

१. सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) ....१
२. सहसचिव ...................................२
३. उपसचिव.....................................४
४. शाखा अधिकृत ............................८
५. नायव सुव्वा ..............................७
६. टा.ना.सु. ...................................१
७. लेखापाल ...................................१
८. कम्प्यूटर अपरेटर ........................१
९. कम्प्यूटर टेक्निसियन ....................१
१०. डिट्टा ...................................१
११. सवारी चालक .........................५ करार समेत
१२. कार्यालय सहयोगी ....................६ करार समेत

कार्य विवरण अनुसार यस निकायमा देहायका शाखाहरु रहेका छन् ।

**क प्रशासन महाशाखा**

यस महाशाखा मातहत देहायका शाखा रहेका छन् ।

१ प्रशासन शाखा

क कर्मचारी प्रशासन सम्वन्धी काम गर्ने
ख आन्तरिक प्रशासन सम्वन्धी काम गर्ने ।
ग जिन्सी व्यवस्थापन सम्वन्धी काम गर्ने ।
घ वार्षिक रुपमा स्वीकृत कार्यक्रम सञ्चालन गर्ने ।
ङ नियमित तथा कार्यक्रमतर्फको आवधिक र वार्षिक प्रतिवेदन तयार गर्ने ।
च सम्पत्ती विवरण अध्यावधिक गरी राख्ने ।
छ अन्य शाखाको काम कारवाहीसँग समन्वय र सहयोग गर्ने ।

दर्ता चलानी

क. चिठ्ठी पूर्जी दर्ता चलानी लगायतका कार्य ।

आर्थिक प्रशासन शाखा

क. नयाँ आर्थिक वर्षका लागि वजेट अनुमान तयार गर्ने ।
ख. स्वीकृत वजेट र प्राप्त अख्तियारी अनुसार प्रचलित नियमको अधिनमा रहि वजेट खर्च गर्ने, खर्च गरेको अभिलेख राख्ने, मासिक चौमासिक तथा वार्षित विवरणहरु सम्वन्धित निकायमा पठाउने ।
ग. आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने ।
घ. राजस्व र धरौटी सम्वन्धी कार्य ।

जिन्सी शाखा

क. कार्यालयको चल अचल सम्पत्तीको अद्यावधिक अभिलेख राख्ने ।

ख. सम्पत्तीको नियमित मर्मत तथा सम्भार राख्ने ।

ग. खर्च भएर जाने र खर्च भै नजाने सम्पत्तीको छुट्टाछुट्टै अभिलेख राख्ने ।

घ. कार्यालयलाई आवश्यक सामग्रीको वार्षिक अनुमान गरी पेश गर्ने ।

ङ. सामान खरिद गरी दाखिल गर्ने ।

२. सूचना प्रविधि शाखा

क. न्याय सेवाका राजपत्राङ्कित कर्मचारी तथा न्यायाधीशहरुको वैयक्तिक विवरण सहितको एकिकृत अभिलेख अद्याविधक गरी राख्ने ।

ख. कार्यालयलाई आवश्यक सफ्टवेयरको नियमित सञ्चालन, रेखदेख, मर्मत, सम्भार गर्ने गराउने र सफ्टवेयरको विकास तथा निर्माणका लागि सुझाव दिने/ निर्माण गर्ने

ग. कार्यालयका जनशक्तिलाई सूचना प्रविधि क्षमता विकासमा सहयोग गर्ने ।

३. अभिलेख शाखा

क. न्यायाधीश तथा न्याय सेवाका अधिकृत कर्मचारीहरुको एकिकृत अभिलेख राख्ने ।

ख. अभिलेखको कानून वमोजिम धुल्याउने ।

ग. अभिलेख व्यवस्थापनका लागि वार्षिक कार्ययोजना वनाउने ।

घ. अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने ।

**ख. उजुरी तथा अनुगमन महाशाखा**

१. उजुरी शाखा

क. सचिवको तोक आदेश पछि न्यायाधीश उपरको उजुरी दर्ता गर्ने ।

ख. उजुरीको संक्षेपिकरण तयार गर्ने ।

ग. उजुरीको प्रकृति अनुसारको रेकर्ड राख्ने ।

घ. उजुरीमा भएको निर्णय वमोजिम पत्राचार गर्ने, लिखत कागजात झिकाउने ।

ङ. उजुरीमा निर्णय भएपछि सो को कार्यान्वयनका लागि पत्राचार गर्ने तथा सम्वन्धित न्यायाधीश र उजुरीकर्तालाई सूचना दिने ।

२. निरीक्षण तथा अनुगमन शाखा

क. परिषदवाट र पुनरावेदन सुन्ने अदालतहरुवाट भएको निरीक्षण प्रतिवेदनहरुको वैज्ञानिक रुपमा अभिलेख राख्ने ।

ख. निरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयवस्तुहरु सचिवालय/परिषदमा पेश गर्ने व्यवस्था मिलाउने ।

ग. अनुगमन तथा निगरानी समितिलाई सहयोग गर्ने ।

**ग. योजना तथा अनुसन्धान महाशाखा**

यस महाशाखा अन्तर्गत योजना शाखा, अध्ययन तथा अनुसन्धान शाखा र वाह्य सम्वन्ध शाखा रहेका छन । यस महाशाखावाट

१. सचिवालयवाट गरिने अनुसन्धानात्मक कार्यक्रमहरुको योजना निर्माण गर्ने ।

२. न्याय प्रशासनका विविध विषयमा अध्ययन अनुसन्धानका लागि क्षेत्र तथा विषय पहिचान गर्ने ।

३. न्यायाधीशलाई दिईने तालिमको पाठ्यक्रम, पध्दति समेतका सम्वन्धमा तालिम प्रदायक संस्थाहरुलाई आवश्यक निर्देशन दिने तथा सहयोग एवम् समन्वय गर्ने ।

४. अध्ययन अनुसन्धानका लागि आवश्यक सहयोग गर्ने ।

५. न्याय सेवालाई सक्षम र प्रभावकारी वनाउन अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कार्य गर्ने ।

६. न्यायाधीशहरुको कार्य फर्छ्यौट अभिलेखलाई वैज्ञानिक रुपमा राख्ने ।

७. रणनीतिक योजना तथा सो को लागि वार्षिक योजना तयार गरी पेश गर्ने ।

८. न्याय परिषद तथा न्याय सेवा आयोगका काम कारवाहीलाई प्रभावकारी वनाउन सोही प्रकृतिका काम कारवाही गर्ने वाह्य मुलुकका निकायहरुसँग सहकार्य गरी अनुभव तथा विचारको आदान प्रदान गर्ने व्यवस्थाका लागि पहल गर्ने ।

**घ। परीक्षा महाशाखा**

अ। जिल्ला न्यायाधीशको परीक्षासम्वन्धी नीति नियम तर्जुमा सम्वन्धी कार्य व्यवस्थापन ।

आ। दक्ष/ विज्ञको सूची संकलन ।

इ। प्रश्न निर्माणकर्तालाई न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रममा आधारित मार्गदर्शन तयार गरी कच्चा प्रश्नहरुको संकलन, प्रश्नपत्र बैकसम्वन्धी एवम् प्रश्नपत्रको मुद्रण सम्वन्धी कार्य ।

ई। जिल्ला न्यायाधीशको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्ने र उत्तरपुस्तिका संकलन ।

उ। उत्तरपुस्तिकाको साँकेतिकरणसम्वन्धी कार्य गर्ने ।

ऊ। उत्तरपुस्तिका परीक्षण सम्वन्धी कार्य ।

ऋ। परीक्षा सञ्चालन, नतिजा तयारी तथा प्रकाशन सम्वन्धी कार्य ।

क. परीक्षा सञ्चालन शाखा

१. जिल्ला न्यायाधीशको लिखित परीक्षाका लागि प्रश्नपत्र संकलन, परिमार्जन, मुद्रण लगायतका कार्यमा सहयोग गर्ने ।

२. जिल्ला न्यायाधीशको लिखित सञ्चालनका लागि सम्पुर्ण व्यवस्थापकीय कार्य

ख. नतीजा तथा अन्तरवार्ता शाखा

१. दक्ष विज्ञवाट उत्तरपूस्तिकाको परीक्षण, लिखित नतिजा, अन्तरवार्ता र अन्तिम नतिजा प्रकाशन।

**घ. निकायवाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि**

| सि.नं. | प्रदान गरिने सेवा | सेवा प्राप्त गर्न लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने अवधि |
|---|---|---|---|
| १ | सवै तहका न्यायाधीशको नियुक्तिका लागि ब्यक्तिगत अभिलेख माग गर्ने र कानून वमोजिम योग्यता पुगेका व्यक्तिहरुले वैयक्तिक विवरण सहितको अभिलेख | निःशुल्क (नियमित रुपमा दिन सकिने ।) | तत्काल |

| | | | |
|---|---|---|---|
| | पेश गर्ने । | | |
| २ | न्यायाधीशहरुको सरुवाको लागि दरखास्त माग गर्ने र सरुवा गर्ने । | निःशुल्क | |
| ३ | न्यायाधीशहरू उपर कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो कर्तव्यको पालना नगरेको, बद्नियतपूर्वक कामकारवाही गरेको वा निजले पालना गर्नुपर्ने आचार संहिताको गम्भीर उल्लघंनमा उजूरी दिन सकिने । | निःशुल्क (सरोकारवालाले निवेदन दिन सक्ने) | ३ महिना भित्रमा प्रारम्भिक छानविन भै सक्ने र तत्पश्चात परिषदको निर्णय वमोजिम हुने । |
| ४ | संविधानको धारा १५३ को उपधारा ६ बमोजिम उच्च तथा जिल्ला अदालतका न्यायाधीशले भ्रष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेकोमा सो उपर उजुरी दिन सकिने । | निः शुल्क | न्याय परिषद ऐन २०७३ को दफा २२ वमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन वमोजिम न्याय परिषदले निर्णय गरे वमोजिम मुद्दा चल्ने वा नचल्ने |
| ५ | उमेरका आधारमा न्यायाधीश अवकाश भएको जानकारी गराउने । | -- | अवकाश हुनुभन्दा ६० दिन अगाडि |
| ६ | कुनै न्यायाधीश शारिरीक वा अस्वस्थताले कार्यसम्पादन गर्न असमर्थ रहेको भन्ने विषयमा उजूरी दिन सक्ने । | निशुल्क | परिषदका सदस्यको प्रारम्भिक प्रतिवेदन वमोजिम परिषदले निर्णय गर्ने । |
| ७ | वार्षिक रुपमा न्याय सेवाका रा.प. प्रथम र द्वितीय श्रेणीका | सहसचिवका लागि रु.१५००/-<br>उपसचिवका लागि रु.१२००/- | भाद्र देखि फाल्गुनसम्म |

| | | | |
|---|---|---|---|
| | अधिकृतको जेष्ठता तथा कार्यक्षमताका आधारमा हुने वढुवाका लागि सूचना प्रकाशन गर्ने र प्रकाशित सूचना वमोजिमको दरखास्त लिई नतिजा प्रकाशन गर्ने । | | |
| ८ | जिल्ला न्यायाधीशको परीक्षा सञ्चालन तथा सिफारिस | रु.२०००/- | असोज —चैत्रसम्म |
| ९ | न्यायाधीश तथा न्याय सेवाका अधिकृतहरुको वैयक्तिक विवरणमा थप कागज वा विवरण समावेश गरी पाउँ भनी दिएको निवेदन लिने। | निःशुल्क | जहिलेसुकै |

## ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम |
|---|---|---|---|
| १ | प्रशासन महाशाखा<br>सहसचिव श्री रामेश्वर रेग्मी | प्रशासन | उप-सचिव टेकनाथ गौतम |
| | | सूचना प्रविधि शाखा | उप-सचिव माधव पौडेल |
| | | अभिलेख शाखा | उप-सचिव माधव पौडेल |
| २ | उजुरी तथा अनुगमन महाशाखा<br>सहसचिव श्री यमवहादुर वुढामगर | उजूरी शाखा | उप-सचिव आनन्दप्रसाद श्रेष्ठ |
| | | निरीक्षण तथा अनुगमन शाखा | उप-सचिव आनन्दप्रसाद श्रेष्ठ |
| ३ | योजना तथा अनुसन्धान महाशाखा<br>सहसचिव श्री यमवहादुर वुढामगर | योजना शाखा | उप-सचिव उत्तम सिलवाल |
| | | अध्ययन तथा अनुसन्धान शाखा | उप-सचिव उत्तम सिलवाल |
| | | बाह्य सम्वन्ध समन्वय शाखा | शा.अ. श्री चन्द्रमणी चापाँगाई |
| ४ | परीक्षा महाशाखा | परीक्षा सञ्चालन शाखा | शा.अ. श्री दिपेन्द्र |

| | | | |
|---|---|---|---|
| | सहसचिव श्री निर्मला पौडेल | | पौडेल |
| | | नतिजा तथा अन्तरर्वाता शाखा | शा.अ. श्री अन्जनकुमार सापकोटा |

**च. निर्णय गर्ने प्रकृया र अधिकारी**

क. सूचना मागकर्ताले आफूले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी सचिवालयको सूचना अधिकारी समक्ष निवेदन दिनु पर्दछ ।

ख. निवेदकले माग गरिएको सूचना तत्काल उपलव्ध गराउन नसकिन प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलव्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराईनेछ ।

ग. सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफूभन्दा माथिल्लो तहवाट निर्णय गराउनु पर्ने भएमा सो को जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलव्ध गराईनेछ ।

घ. संविधान तथा कानूनले गोप्य राखिने भनिएका सूचना प्रवाह गरिने छैन ।

छ. **निर्णय गर्ने अधिकारीः** माग गरिएको सूचनाको प्रकृति अनुसार सचिव, आयोग वा परिषद

**ज. सूचना अधिकारीले उपलव्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी**

सचिव श्री नृपध्वज निरौला

झ. **सम्पादन गरेका कामहरुः** (२०७५ साल कार्तिक देखि पुषसम्म)

१ न्याय परिषदको मिति २०७५।९।१९ को वैठकले गरेका निर्णयहरुः-

क। न्याय परिषदको आ.व. ०७४।७५ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने,

ख। नेपालको संविधानको धारा १३७ बमोजिम सर्वोच्च अदालतमा रहने संवैधानिक इजलासमा साविकमा सर्वोच्च अदालतका न्यायाधीशहरु तोकिएकोमा पुनर्गठन गरी देहाय बमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरुलाई तोक्न प्रधान न्यायाधीश समक्ष सिफारिस गर्ने निर्णय गर्ने

१. माननीय न्यायाधीश श्री दीपककुमार कार्की

२. माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

३. माननीय न्यायाधीश श्री मीरा खड्का

४. माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

ग। मेलमिलाप परिषदको अध्यक्षको रुपमा सर्वोच्च अदालका माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडालाई तोक्न सिफारिस गर्ने,

घ. उच्च अदालत सुर्खेतको मुख्य न्यायाधीश श्री हरिकुमार पोखरेललाई उच्च अदालत जनकपुरको मुख्य न्यायाधीश पदमा सरुवाको लागि सिफारिस गर्ने,

ङ. उच्च अदालत पाटन, हेटौडा इजलासका न्यायाधीश श्री सुष्मालता माथेमालाई मुख्य न्यायाधीशमा नियुक्त गरी उच्च अदालत सुर्खेतको मुख्य न्यायाधीश पदमा पदस्थापनका लागि सिफारिस गर्ने,

च. न्यायाधीश दरवन्दी पुनरावलोकन समितिको समयावधी २०७५ साल फागुन मसान्तसम्म थप गर्ने,

छ. न्याय सेवा आयोगबाट परामर्शको लागि प्राप्त भएको जिल्ला न्यायाधीशको संशोधित लिखित परीक्षा योजना र पाठ्यक्रम उपर न्याय सेवा आयोगलाई परामर्श दिने,

ज. न्याय परिषद ऐन, २०७३ को दफा १६ मा रहेको न्यायिक अनुगमन तथा निगरानी संयन्त्रबाट आवश्यक अनुगमन तथा निगरानीको कार्य निरन्तर गराउने र अनुगमन निगरानीको प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।

न्याय सेवा आयोगको मिति २०७५।०९।०२ को वैठकले गरेका निर्णयहरुः-

न्याय सेवा आयोगको मिति २०७५।६।११ को निर्णय अनुसार प्रकाशित सूचना अनुसार न्याय सेवा न्याय समुहको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा एक जना, कानून समुहमा सात जना र सरकारी वकिल समुहमा सात जनालाई वढुवा गर्ने,

१. न्याय सेवा आयोगको आ.ब. २०७४।०७५ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२। लोक सेवा आयोगद्वारा सिफारिस भै आएका नेपाल न्याय सेवा न्याय समुहका ३५ जना, कानून समुहका ८ जना र सरकारी वकिल समुहका १८ जना रा.प. तृतीय श्रेणीका अधिकृतलाई नियुक्ति तथा पदस्थापनका लागि लेखि पठाउन सम्माननीय प्रधान न्यायाधीशवाट भएको मिति २०७५।८।१० को निर्णयलाई अनुमोदन गर्ने र नेपाल न्याय सेवा न्याय समुहका १ जना रा.प. तृतीय श्रेणीका अधिकृतलाई नियुक्ति तथा पदस्थापनका लागि लेखि पठाउने,

३। नेपाल न्याय सेवा सरकारी वकिल समुहका रा.प. प्रथम श्रेणीका नारायणप्रसाद पौडेललाई नायव महान्यायाधिवक्ता वढुवा गरी पदस्थापन गर्न सिफारिस गर्ने,

**न्याय सेवा आयोगको मिति २०७५।०९।०६ को वैठकवाट भएको निर्णयः-**

१। नेपाल न्याय सेवा रिक्त रा.प. द्वितीय श्रेणीको पदमा न्याय समुहतर्फ २३ जना, सरकारी वकिल समुहतर्फ २८ जना र कानून समुहतर्फ २४ जनालाई वढुवा गर्ने,

**न्याय सेवा आयोगको मिति २०७५।०९।३० को वैठकवाट भएका निर्णय**

१। जिल्ला न्यायाधीशको पाठ्यक्रम परिमार्जन सहित स्वीकृत गर्ने,

२। नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त रजिस्ट्रार पदमा सह रजिष्ट्रार श्री लालवहादुर कुँवरलाई बढुवा नियुक्ति गरी पदस्थापन गर्न सिफारिस गर्ने,

३। नेपाल न्याय सेवा न्याय समुहका रा.प.प्रथम श्रेणीका १५ जना, रा.प.द्वितीय श्रेणीका १७ जना अधिकृतहरुको सरुवा गर्न सिफारिस गर्ने

४। न्याय परिषद सचिवालयवाट २०७५ साल कार्तिक १६ र १७ गते विराटनगर, मंसिर २१ र २२ गते राजविराज तथा पौष २७ र २८ गते हेटौडामा देवानी फौजदारी संहिताको कार्यान्वयन र न्यायिक सुशासन विषयक अन्तरकृया कार्यक्रम सञ्चालन भएको थियो ।

५। सचिवालयमा रहेका वैयक्तिक विवरणलाई सफ्टवेयरमा प्रविष्ट गर्ने लगायतका अभिलेख व्यवस्थापनका कार्यहरु भएको ।

**झ. सूचना अधिकारी र प्रमुखको नाम र पदः**

प्रमुखको नाम र पदः श्री नृपध्वज निरौला (सचिव)

सूचना अधिकारीको नाम र पदः श्री टेकनाथ गौतम (उपसचिव)

**ञ. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

क. न्याय परिषद ऐन, २०७३

ख. न्याय सेवा आयोग ऐन, २०७३

ग. न्याय प्रशासन ऐन, २०७३

घ. न्याय परिषद नियमावली, २०७४

ङ. न्याय सेवा आयोग नियमावली, २०७४

च. न्यायाधीश आचार संहिता, २०७४

छ. न्याय सेवा आयोगका पदाधिकारी दक्ष, विज्ञ तथा कर्मचारीहरुको आचारसंहिता, २०७४

ज. न्यायाधीश विरुध्द परेका उजूरी उपर कारवाही सम्वन्धी कार्यविधि, २०७५

झ. न्याय सेवा आयोग (आन्तरिक कार्यसञ्चालन) निर्देशिका, २०७४

**आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण**

## २०७५ साल कार्तिक मंसिर र पौषको निकासा खर्च विवरण

**व.शि.नं. २१८०११३ चालुखर्च**

| वजेट रकम नं. | वजेट रकम | जम्मा वजेट विनियोजन | कार्तिक मंसिर र पौष ३ महिनाको निकासा खर्च | पौष महिना सम्मको निकासा खर्च |
|---|---|---|---|---|
| २११११ | तलव | १६,९००,०००।०० | ३,९४७,३१७८० | ९,४०३,७९७२० |
| २१११३ | महंगी भत्ता | ५००,०००।०० | २०८,२००।०० | ४४०,४५८।०० |
| २१११९ | अन्य भत्ता | १,१००,०००।०० | ४६३,०००।०० | ६९१,१२५।०० |
| २११२१ | पोशाक | ४००,०००।०० | ०।०० | ०।०० |
| २२१११ | पानी विजूली | ६००,०००।०० | २९२,४५९।०० | ३७९,७९८।०० |

| | | | | |
|---|---|---|---|---|
| २२११२ | संचार महशूल | ८००,०००।०० | १२८,५३०।०० | १७०,२७१।०० |
| २२१२१ | भाडा | १,६००,०००।०० | २९८,१४८।०० | ५७१,३११।०० |
| २२२११ | इन्धन | १,७००,०००।०० | ५५७,८४६।०० | १,०६१,१४१।०० |
| २२२१२ | मर्मत संभार | ८००,०००।०० | २६२,७१४।०० | ४८६,००८।०० |
| २२२१३ | विमा | २००,०००।०० | ३१,३४३।०० | १९५,५३९।०० |
| २२३११ | कार्यालय संचालन | २,६००,०००।०० | ५८८,३०५।०० | १,२४१,१४७।०० |
| २२३१३ | पुस्तक तथा सामाग्री | १००,०००।०० | ११,५९०।०० | १७,०१५।०० |
| २२४११ | सेवा र परामर्श | १००,०००।०० | ०।०० | ०।०० |
| २२४१२ | अन्य सेवा शुल्क | ४,७००,०००।०० | ९०३,१७०।०० | १,९४५,०२८।०० |
| २२५२२ | कार्यक्रम खर्च | १३,५००,०००।०० | ४,१२२,८९०।०० | ४,३०७,३४८।०० |
| २२५२९ | अन्य कार्यक्रम खर्च | ४००,०००।०० | १५४,८३७।०० | १५४,८३७।०० |
| २२६११ | अनूगमन भ्रमण खर्च | ४००,०००।०० | ०।०० | १२७,६२५।०० |
| २२६१२ | भ्रमण खर्च | २००,०००।०० | ८३,०४७।०० | १०७,०४७।०० |
| २२७११ | विविध खर्च | १,२००,०००।०० | ९६,६९१।०० | ३१९,०९५।०० |
| | जम्मा | ४७,८००,०००।०० | १२,१५०,०८७।८० | २१,६१८,५९०।२० |

ट. निकायको वेवसाईटः www.jcs.gov.np

ठ. निकायको सूचना अन्यत्र प्रकाशन हुने भए सो विवरणः

१। www.jcs.gov.np

२। प्रत्येक वर्ष पौष ३ गते न्याय परिषद स्थापना दिवसका दिन प्रकाशन हुने वार्षिक वुलेटिन

३। वार्षिक प्रतिवेदन